# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## जनशक्ति व्यवस्थापन विभागको
## सूचना

यस बैंकमा प्राविधिक सेवातर्फ रिक्त रहेको सहायक (सूचना प्रविधी) पद स्थायी रुपमा पूर्ति गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका तथा कुनै वात कसूर नलागेका इच्छुक योग्य नेपाली नागरिकले यस बैंकको दरखास्त फाराममा भएको विवरण उल्लेख गरी आफूले प्राप्त गरेको नागरिकता तथा एस.एल.सी. वा सो सरह र सो भन्दा माथिको शैक्षिक योग्यताको सम्पूर्ण प्रमाणपत्रको प्रतिलिपिहरु उम्मेदवार स्वयंले प्रमाणित गरी हालै खिचिएको पासपोर्ट साईजको ३ प्रति फोटो संलग्न गरी २०७१ साल बैशाख १८ गतेका दिन भित्र नेपाल राष्ट्र बैंक जनशक्ति व्यवस्थापन विभाग बालुवाटारमा दरखास्त पेश गर्न आव्हान गरिएको छ । दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट दरखास्त पेश गर्न सकिनेछ ।

माथि लेखिए बमोजिम म्याद भित्र दाखिला नभएको र रीत नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन । उपर्युक्त कार्यको लागि तोकिएको स्थानमा आउँदा, रहँदा र फर्किदाको खर्च उम्मेदवार स्वयंले व्यहोर्नु पर्नेछ ।

१. **पद :- सहायक (सूचना प्रविधि) - सहायक द्वितीय श्रेणी**

२. **आवश्यक पद संख्या :- ८**

| विज्ञापन नं. | समावेशी समूहतर्फ | संख्या |
|---|---|---|
| सू.प्र. ११/२०७० | दलित | १ |
| सू.प्र. १.२/२०७० | मधेशी | १ |
| सू.प्र. १.३/२०७० | आदिवासी/जनजाति | १ |
| सू.प्र. १.४/२०७० | महिला | १ |
| सू.प्र. १.५/२०७० | **खुल्ला प्रतिस्पर्धातर्फ** | ४ |

३. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर इन्जिनियर/इलेक्ट्रोनिक्स इन्जिनियर/हार्डवेयर इन्जिनियर विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको हुनु पर्नेछ ।

४. **दरखास्तको आधार :-** समावेशी समूहको लागि छुट्टयाईएको पदमा दरखास्त दिने उम्मेदवारले देहायको आधारमा दरखास्त दिनु पर्नेछ :-

(क) आदिवासी/जनजातीका हकमा नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो सूचीको आधारमा,

तर, नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

(ख) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

(ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

५. **दरखास्त फाराम पाइने स्थान :-** नेपाल राष्ट्र बैंक, जनशक्ति व्यवस्थापन विभागका साथै यस बैंकको **website** बाट डाउनलोड गरिएको दरखास्त फाराम समेत भरेर बुझाउन सकिनेछ ।

६. **तलब :-** शुरु स्केल रु.१७,१६०/०० ग्रेड: ८५८/०० अन्तिमस्केल: ३३,४६२/०० तथा बैंकको नियमानुसार अन्य सुविधाहरु ।

७. **कामको किसिम :-** सूचना प्रविधि सम्बद्ध कामकाज एवं नगद, बैंकिङ्ग र प्रशासनिक कार्यहरु समेत ।

८. **उम्मेदवारको उमेर :-** दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिला उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

९. **उमेरको हद :-** यस बैंकको बहालवाला कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन ।

१०. **उम्मेदवारको छनौट विधि :-** लिखित तथा प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ ।

११. **परीक्षणकाल अवधि :-** महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष ।

१२. **पदस्थापना :-** यस विज्ञापन अनुसार नियुक्ति पाउने कर्मचारीलाई आवश्यकतानुसार यस बैंकका जिल्लास्थित कार्यालयहरुमा पदस्थापन गरिनेछ ।

१३. **निवृत्तभरण पाउने वा नपाउने :-** निवृत्तभरण पाउने ।

१४. **परीक्षा/दरखास्त दस्तुर :-** खुला प्रतियोगिताको लागि दरखास्तसाथ रु. ६००।-(रु. छ सय) बुझाउनु पर्नेछ । खुला प्रतियोगिताको लागि दरखास्त दिने उम्मेदवार समावेशी समूहमा सम्मिलित हुने भए प्रत्येक समूहको लागि रु. २००।- का दरले थप दस्तुर बुझाउनु पर्नेछ ।

तर खुला प्रतियोगितातर्फ दरखास्त नदिई समावेशीतर्फको एउटा समूहमा मात्र दरखास्त दिने उम्मेदवारले रु. ६००।- र एक भन्दा बढी समूहमा सम्मिलित हुन चाहनेले प्रत्येक समूहको लागि रु.२००।- (रु.दुई सय) का दरले थप दस्तुर बुझाउनु पर्नेछ । माथि उल्लिखित दस्तुर यस बैंकको बैंकिङ्ग कारोवार हुने कार्यालयको नाफा नोक्सान आम्दानी फुटकर हिसाबमा जम्मा गरेको सक्कल भौचर दरखास्तसाथ संलग्न हुनु पर्नेछ ।

१५. **समकक्षता निर्धारण प्रमाणपत्र :-** उपर्युक्त पदमा दरखास्त दिने उम्मेदवारहरुले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट मान्यताप्राप्त भएको र समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।

१६. **सम्पर्क मिति र स्थान :-** रितपूर्वक दरखास्त पेश गर्ने उम्मेदवारहरुको नाम, ठेगाना र समूह २०७१ साल जेष्ठ १८ गतेका दिन जनशक्ति व्यवस्थापन विभागमा प्रकाशित गरिने छ ।

१७. **लिखित परीक्षा हुने मिति र स्थान :-** सम्पर्क मितिका दिन प्रकाशित गरिनेछ ।

दरखास्त फाराम र लिखित परीक्षाको पाठ्यक्रम नेपाल राष्ट्र बैंकको **website: www.nrb.org.np** मा **careers @ NRB** अन्तर्गत राखिएको छ ।

**मिति: २०७०/१२/१७**

**(जनकबहादुर अधिकारी)**
**का.मु. कार्यकारी निर्देशक**